# धनगढी उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

धनगढी, कैलाली
सुदुरपश्चि प्रदेश, नेपाल
website : dhangadhimun.gov.np

प. सं.:- २०८०।०८१
चं. नं. :-

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

<u>विषय:जग्गा ठेक्कामा दिने सूचना</u>

<u>प्रथम पटक प्रकाशित मिति:२०८१।०२।०२</u>

श्री जनकल्याण माध्यमिक विद्यालय जुगेडा, धनगढी-१० कैलालीको विद्यालय व्यवस्थापन समितिको मिति २०८१।०१।२५ गतेको निर्णय बमोजिम सूचना प्रकाशनका लागि सिफारिस भई आए अनुसार उक्त विद्यालयको नाममा दर्ता श्रेस्ता कायम रहेको उर्माको ३ विगाहा १ कट्टा जमिन कृषी कार्यका लागि मात्र ठेक्का लिन चाहाने ईच्छुक (व्यक्ती, फर्म वा कम्पनीले प्यान भ्याट नं. करचुक्ता प्रमाण पत्र फर्म वा कारोवार नविकरण भएको कागजात) सूचना बमोजिमको शर्तहरुको अधिनमा रही सिलवन्दी दरभाव पत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो १५ दिने सूचना प्रकाशित गरिएको छ ।

<u>शर्तहरु:</u>

३. वार्षिक न्यूनतम बढाबढ ठेक्का अंक रु. १७५०००।- अक्षरुपी एक लाख पचहत्तर हजार मात्र (मु.अ.कर बांहेक) कायम गरिएको छ ।

४. ठेक्का अवधी सम्झौता भएको मिति देखि ५ वर्ष सम्म कायम हुनेछ र कार्य सम्पादन सन्तोषजनक देखियमा समय अवधी थप गर्न सकिनेछ ।

३. दरभाउ पत्र फाराम सूचना प्रकाशित मिति बाट १५ दिन भित्र कार्यालय समयमा रु.१०००।- रु एक हजार मात्र (फिर्ता नहुने गरी) बुझाई यस कार्यालयको  राजस्व शाखाबाट खरिद गर्न सकिनेछ ।

४.सूचना प्रकाशित भएको मिति बाट १६औं दिनको दिउसो १२:०० बजे भित्र दरभाव पत्र यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ ।रितपुर्वक दर्ता हुन आएका दरभाउ पत्र सोही दिन दिउसो १.००बजे सम्बन्धित फर्म/कम्पनी वा कम्पनी वा निजले तोकेको प्रतिनिधीको रोहवरमा खोलिनेछ ।तर सम्बन्धित व्यक्ति, फर्म वा कम्पनीले तोकेको प्रतिनिधीहरु उपस्थित नभएमा पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन ।

५.यस विद्यालयलाई बुझाउनु पर्ने बाकी बक्यौता भएका ब्यक्ति,फर्म वा कम्पनीले यस ठेक्का प्रक्रियामा भाग लिन पाउने छैनन् ।

६.जग्गाको हाल साविक गर्दा कुनै कारणले जग्गा वृद्धि भएमा दरभाउ पत्र सदर हुनेले सो जग्गा पनि उपभोग गर्नु पर्नेछ र सो वाफतको रकम पनि तिर्नु पर्नेछ ।

७.विद्यालयलाई जमिन आवस्यक परेमा विद्यालयले आवस्यक पर्ने जमिन उपभोग गर्नेछ । सो बाफतको हिसाबबाट हुने रकम कबोल रकमबाट घटाइने छ ।

८.यदि दरभाउ पत्र स्वीकृत भएको संस्थाले संरचना निर्माण गर्दा भविस्यमा विद्यालयलाई हानि नोक्सानी हुनेगरी बनाउन पाइने छैन ।विद्यालयलाई आवस्यक देखिने संरचना बनाउन चाहेमा विद्यालयको स्वीकृती लिएर बनाउन सकिनेछ र भौतिक संरचना स्वतः विद्यलयको हुनेछ ।

९.दरभाउ पत्र खरिद गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सिलबन्दी दरभाव पत्र सम्बन्धि सो कार्य गरिनेछ ।

१०. कुनै पनि व्यक्ति, फर्म वा कम्पनीको दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।

११. दरभाव पत्र दर्ता गर्दा बोलपत्र दाताले आफुले कबोल गरेको ठेक्का अंकको ५ प्रतिशत रकम श्री श्री जनकल्याण माध्यमिक विद्यालयको श्री कृर्षि विकास बैक, धनगढी शाखाको चल्ती खाताको हि.न. ०८२१९०१२३४९७९०१४ मा जम्मा गरेको भौचर वा सो रकम बराबरको १२० दिन म्याद भएको नेपाल राष्ट्र बैकबाट "क" वर्गको मान्यता प्राप्त वाणिज्य बैकको बैक जमानत पत्र (विडबण्ड) पेश गर्नुपर्नेछ ।

१२.दरभाउ पत्र ठेक्का अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पस्ट लेखेको हुनु पर्नेछ ।यदि फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।यस कार्यालयबाट प्रमाणित नगरी विक्री भएको र म्याद नाघी आएको दरभाउ पत्र माथी कुनै कारबाही हुने छैन ।

१३.दरभाउ पत्र दाताले कबोल गरेको ठेक्का अंक वरावरको नगद वा नेपाल राष्ट्र बैकबाट स्वीकृत प्राप्त वाणिज्य बैक द्वारा ठेक्का अवधी सम्मको लागि जारी गरिएको परफरमेन्स वण्ड दाखिला गरेपछी मात्र ठेक्का भोगचलनको पट्टापुर्जि गरिनेछ ।

१४.ठेक्का स्वीकृती भएपछी पहिलो वर्ष पहिलो किस्ता बाफतको रकम सम्झौता भएको दिन अग्रिम दाखिला गर्नु पर्नेछ ।दोस्रो किस्ताको रकम सोको ६ महिना पुग्ने दिन भित्र अग्रिम बुझाउनु पर्नेछ ।त्यस पछिका वर्षका हकमा पहिलो किस्ता बुझाएको दिन देखि हरेक ६।६ महिना भित्र किस्ता बाफतको रकम बुझाउनू पर्नेछ ।यसको विस्तृत तालिका सम्झौता पत्रमा उल्लेख भए अनुसार हुनेछ ।

## धनगढी उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

धनगढी, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल
website : dhangadhimun.gov.np

प. सं.:- २०८०।०८१

चं. नं. :-

१५. ठेक्का अनुसार कार्यालयलाई बूझाउने रकममा २/२ वर्षमा शूरु रकमको १०% ले वृद्धि गरिदा बढेकै रकमलाई आधार मानी वृद्धि हुदै जानेछ ।कुनै पनि अवस्थामा किस्ता रकम छुटको लागि हक दावि गर्न पाईने छैन ।

१६.अन्य कुरा सार्वजनिक खरिद ऐन २०६३ तथा प्रचलित नेपाल सरकारका अन्य कानून बमोजिम हुनेछ ।त्रिपक्षिय सम्झौता गर्दा धनगढी उपमहानगरपालिका र विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम हुनेछ ।

१७. यस सम्बन्धि थप जानकारीका लागि ९८४८५७८०८९ मा सम्पर्क गर्न सकिनेछ ।